# विद्यालयको खेलकूद प्रशिक्षक छनौट कार्यविधि २०७८

स्वीकृत मिति: २०७८।०५।२०
प्रमाणिकरण मिति: २०७८।०५।३०

महाकाली नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय
खलंगा, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावना

नेपालको संविधानले स्थानीय तहलाई अनुसूचि ८ बमोजिम एकल अधिकार र अनुसूचि ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार हुने व्यवस्था गरेको छ । सो व्यवस्था अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (४) को खण्ड (क) मा खेलकुद विकास तथा प्रवर्द्धन, व्यवस्थापन तथा नियमन सम्बन्धी अधिकार रहेको छ । सो अनुरुप महाकाली नगरपालिका अन्तरगत विद्यालयहरुमा खेलकुदको प्रभावकारी विकास तथा प्रवर्द्धन संचालन तथा व्यवस्थापन गर्ने सम्बन्धी कानून बनाई कार्यान्वयन गर्नु वान्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बनेको महाकाली नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा (४) बमोजिम महाकाली नगरपालिकाले "विद्यालय खेलकूद प्रशिक्षक छनौट सम्बन्धी कार्यविधि, २०७८" नगर कार्यपालिका बैठकबाट स्वीकृत गरी लागु गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** क) यस कार्यविधिको नाम "विद्यालय खेलकूद प्रशिक्षक छनौट सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

ख) यो कार्यविधि कार्यपालिका बैठकबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ सम्झनुपर्छ ।

ख) "कार्यविधि" भन्नाले महाकाली नगर क्षेत्रभित्रका माध्यमिक विद्यालयहरुमा खेलकूद प्रशिक्षक छनौट कार्यविधि, २०७८ सम्झनुपर्छ ।

ग) "नगरपालिका" भन्नाले महाकाली नगरपालिकालाई सम्झनुपर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महाकाली नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ङ) "शिक्षा युवा तथा खेलकूद शाखा" भन्नाले महाकाली नगरपालिका अन्तर्गतको शिक्षा शाखा युवा तथा खेलकूद शाखालाई सम्झनुपर्छ ।

च) "खेलकूद प्रशिक्षक" भन्नाले महाकाली नगरपालिकाका अन्तर्गतका माध्यमिक विद्यालयहरुमा खेलकूद प्रशिक्षणकालागि नगरपालिकाबाट नियुक्त छनौट गरी सिफारिश गरिएको प्रशिक्षकलाई सम्झनुपर्छ ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-२

## विज्ञापन तथा पदपूर्ति समिति

**३. विज्ञापन प्रकाशन गर्नेः**

(क) नगरपालिका अन्तर्गत संचालित माध्यमिक विद्यालयहरुमा खेलकूद प्रशिक्षणका लागि आवश्यक संख्यामा प्रशिक्षक सुचिकृत गर्न तथा प्रशिक्षाक छनौटका लागि विज्ञापन प्रकाशन गर्नु पर्नेछ ।

**४. छनौट समितिः** विद्यालयहरुमा खेलकूद प्रशिक्षक छनौटका लागि देहाय बमोजिमको छनौट समिति रहनेछ ।

(क) प्र.प्र.अ. वा निजले तोकेको प्रशासन शाखाको अधिकृत – संयोजक

(ख) नगरपालिकाको प्रशासन शाखाको कर्मचारी १ जना - सदस्य

(ग) शिक्षा अधिकृत वा निजले तोकेको स्रोत व्यक्ति - सदस्य सचिव

## परिच्छेद-३

## छनौट सम्बन्धी व्यवस्था

**५. खेलकूद प्रशिक्षकका उम्मेदवारको योग्यताः** देहायका व्यक्तिहरु उम्मेदवारको लागि योग्य मानिनेछन्

क) नेपाली नागरिक,

ख) ४० वर्ष पूरा गरी ६० वर्ष ननाघेको,

ग) अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा क्षेत्रीय स्तरको खेलकूदमा सहभागी भएको प्रमाणित भएको,

घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठरहिएको ।

**६. सूचना प्रकाशन एवं दरखास्त सम्बन्धी व्यवस्थाः** १) खेलकूद प्रशिक्षक पदमा पदपूर्ति गर्न सूचना प्रकाशन गर्दा दफा ५ बमोजिमको योग्यता हासिल गरेका इच्छुक व्यक्तिहरुमध्येबाट दरखास्त आव्हान गरिनेछ । सोको लागि कम्तिमा १५ दिनको म्याद दिई दरखास्त आव्हानको सूचना प्रकाशन गर्नुपर्नेछ । यस्तो सूचना नगरपालिकाको वेभसाइटमा र सूचना पाटीमा वडा कार्यालयहरुको सूचना पाटीमा वा अन्य माध्यमबाट प्रकाशन गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको म्याद भित्र दरखास्त पर्न नआएमा ७ दिनको म्याद दिई पुनः सूचना गर्नुपर्नेछ ।

३. उपदफा (२) बमोजिम दरखास्त फाराम बुझाउँदा दरखास्तको साथमा निम्न कागजात तथा प्रमाणपत्रहरु संलग्न गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

क) नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

ख) अनुभव प्रमाणपत्रको प्रतिलिपि (उल्लेखित प्रतियोगितामा सहभागी भएको)

४. उपदफा १ बमोजिम प्रकाशित सूचना अनुसार प्राप्त दरखास्त छानबिन गर्दा रित पुगेको र सूचनामा उल्लेखित सर्तहरु पूरा भएका दरखास्तहरुबाट दफा ७ बमोजिमका आधारमा कुल आवश्यक संख्याको दुई गुणामा नबढ्ने गरी संक्षिप्त सूची छनौट गरी नगरपालिकाको वेभसाइटमा प्रकाशन गर्नु पर्नेछ ।

५. उपदफा (४) बमोजिम प्रकाशित सुचिमा परेका सूचिकृत प्रशिक्षार्थीलाई छनौट गर्न अन्तरवार्ताका लागि कम्तिमा ७ दिनको समय दिई अन्तिम छनौट सूचीमा प्रकाशन गर्नु पर्नेछ र छनौट भएका उम्मेदवारहरुलाई छनौट भएको जानकारी दिनु पर्नेछ ।

६. संक्षिप्त सूचीमा छनौट भएका उम्मेवादहरु अन्तरवार्तामा आउँदा उम्मेदवारले आफ्ना सक्कल कागजात तथा प्रमाणपत्र सहित उपस्थित हुनु पर्नेछ । तोकिएको मितिमा तोकिएको विवरण/कागजात सहित अन्तरवार्तामा उपस्थित नहुने उम्मेदवारहरुलाई अन्तरवार्ताको लागि अर्को मौका प्रदान गरिने छैन ।

७. **छनौट सम्बन्धी व्यवस्थाः** दफा (६) को उपदफा (४) बमोजिम प्राप्त दरखास्तहरु मध्येबाट समितिले मूल्यांकन गरी देहायका आधारमा संक्षिप्त सूची तयार गर्नु पर्नेछः

क) सहभागी भएको खेलकूद बमोजिम अंक

| | |
|---|---|
| अन्तर्राष्ट्रिय खेलकूदमा सहभागी भएको भए | ६० अंक |
| राष्ट्रिय स्तरको खेलकूदमा सहभागी भएको भए | ५५ अंक |
| क्षेत्रीय स्तरको खेलकूदमा सहभागी भएको भए | ५० अंक |

ख) कार्य अनुभव वाफतः १० अंक प्रतियोगितामा सहभागिता वापत २ अंकका दरले(प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने )।

८. **अन्तरवार्ताः** १) दफा ७ बमोजिम छनौट भएका उम्मेदवारहरुलाई दोस्रो चरणको अन्तरवार्तामा समावेश गराइनेछ । अन्तर्वार्ताको अधिकतम अंक ३० हुनेछ । अन्तरवार्ताको अंक प्रदान गर्दा न्यूनतम १२ र अधिकतम २१ को सिमा भित्र रही प्रदान गर्नुपर्नेछ ।

२) अन्तरवार्ताका लागि पदपूर्ति समितिले अन्तरवार्ता समितिको रुपमा कार्य गर्नछ। आवश्यक्तानुसार विज्ञ वा अन्य कर्मचारीलाई अन्तरवार्ता समितिमा आमन्त्रित गर्न सकिनेछ ।

३) अन्तरवार्ताको मूल्यांकन विषयवस्तुको ज्ञान व्यक्तित्व प्रस्तुति शैली र शुद्धता आत्मविश्वास जस्ता विषयको आधारमा गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

४) अन्तरवार्ताको मूल्यांकन गर्ने प्रत्येक सदस्यले प्रत्येक उम्मेदवारको तोकिए बमोजिम अलग अलग फाराममा मूल्यांकन गर्नुपर्नेछ । अन्तरवार्ता समाप्त हुनासाथ मूल्यांकन कर्ताहरुको रोहवरमा सिलवन्दी गरी सो खामको बाहिर विज्ञ लगायत अन्तरवार्तामा सामेल सबै सदस्यहरुले सहीछाप गर्नुपर्नेछ ।

५) यसरी अन्तरवार्ताकारहरुले प्रदान गरेको अंकको समितिले औषत निकाली अन्तरवार्ताको प्राप्तांक कायम गर्नेछ ।

९. **अन्तिम नामावली प्रकाशन तथा सिफारिस र नियुक्तिः** (१) समितिले दफा ८ को उपदफा (५) बमोजिम उम्मेदवारले प्राप्त गरेको अंक र दफा ७ बमोजिमको मूल्यांकनबाट प्राप्त गरेको अंक र दफा ८ अनुसारको अंक समेत जोडी हुन आउने कूल प्राप्तांकको आधारमा सफल उम्मेदवारहरुको योग्यताक्रम कायम गरी उम्मेदवारहरुले प्राथमिकिकरण गरेको विद्यालयहरुमा नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ । सम्बन्धित विद्यालयले समितिबाट सिफारिस भई आएका सफल उम्मेदवारलाई विद्यालय व्यवस्थापनको निर्णय गरी नियुक्ति दिनुपर्नेछ ।

(२) समितिले उपदफा (१) बमोजिम सिफारिस गर्दा वैकल्पिक उम्मेवार नामावली समेत समावेश गर्नु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम नियुक्ति भएका खेल प्रशिक्षकको पद सोही आर्थिक वर्षभित्र रिक्त भएमा सम्बन्धित विज्ञापनको वैकल्पिक सूचीमा रहेका उम्मेदवारहरुमध्येबाट योग्यताक्रमको आधारमा सम्बन्धित विद्यालयले नियुक्ति दिनुपर्नेछ ।

१० **सेवा सुविधा सम्बन्धी व्यवस्थाः** (१) दफा ९ बमोजिम नियुक्त प्रशिक्षकको पारिश्रमिक नगर कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

**११. संशोधन सम्बन्धी व्यवस्था**

यस कार्यविधमा थपघट तथा संशोधन गर्नु पर्ने वान्छनीय भएमा कार्यपालिकाबाट संशोधन तथा थपघट गर्न सकिनेछ

महाकाली नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण (कार्यविधि) नियमावली, २०७४ (पहिलो संशोधन, २०७६) को नियम ४ बमोजिम प्रमाणिकरण गरिन्छ ।

२०८०।०५।३० ..................

प्रमुख प्रशासकीय अधिकृत